वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको भञ्ज्याङ
bhanjyangnews.com
भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमूलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
वेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई
LIKE, FOLLOW
गर्दै गर्नुहोसा !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमूलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

वर्ष ४५ अंक १८० २०८३ कात्तिक २१ गते शनिबार, नेपाल सम्वत् ११४६ November 07, 2026 पृष्ठ ४ मूल्य : रू. १५/-



विद्यालयमा देउसीभैलो कार्यक्रम

तनहुँको भानु नगरपालिका-१३ सम्जुर स्थित श्री जनसहयोगी माध्यमिक विद्यालयको प्राङ्गणमा तिहार पर्वको अवसरमा देउसीभैलो कार्यक्रममा नृत्य प्रस्तुत गर्दै छात्राहरू । नेपाली मौलिक संस्कृति, परम्परा र आपसी सद्भावलाई जगेर्ना गर्दै विद्यार्थी तथा शिक्षकहरूको उत्साहपूर्ण सहभागिता जनाउने उद्देश्यले आयोजित कार्यक्रममा विद्यार्थीहरूले विविध साँस्कृतिक र्यक्रम प्रस्तुत गरेका थिए । यस कार्यक्रम मार्फत हाम्रो संस्कृति र परम्परालाई नयाँ पुस्तामाझ हस्तान्तरण गर्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिदै विद्यालयले शुभकामना व्यक्त गरेको छ ।

तस्विर : भञ्ज्याङ

व्यासमा सांस्कृतिक सम्पदा खोजी र संरक्षण अभियान : पुरातात्विक सम्पदा एवं ग्रामीण पर्यटन मेलाको तयारी

भञ्ज्याङ समाचारदाता/दमौली

व्यास नगरपालिकाभित्रका सांस्कृतिक तथा पुरातात्विक सम्पदाको खोज, पहिचान, अध्ययन, अभिलेखीकरण र संरक्षण गर्ने उद्देश्यले वडास्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ ।

व्यास नगर प्रज्ञा प्रतिष्ठानको आयोजनामा व्यास नगरपालिका-९ र १३ मा सांस्कृतिक सम्पदाको खोज तथा अध्ययन अनुसन्धान सम्बन्धी वडास्तरीय कोणसभा सम्पन्न भएका छन् । आगामी मंसिर २५ देखि २७ गतेसम्म जिल्ला सभाहलमा आयोजना हुने 'व्यास पुरातात्विक सम्पदा एवं ग्रामीण पर्यटन मेला-२०८३' को पूर्वतयारीस्वरूप कोणसभा आयोजना गरिएको हो ।



वडा नं. ९ को गजौडेस्थित वडा कार्यालयको सभाहलमा वडा अध्यक्ष शुरेश थापाको अध्यक्षतामा भएको कार्यक्रममा प्रतिष्ठानका उपकुलपति काशीनाथ न्यौपानेले स्थानीय संस्कृति, परम्परा र ऐतिहासिक सम्पदाको संरक्षण तथा प्रवर्द्धनमा समुदायको सक्रियता आवश्यक रहेको बताए । मेलाका संयोजक हरिसिं गुरूङले मेलाको उद्देश्य र यसले स्थानीय पर्यटन प्रवर्द्धनमा पुऱ्याउने योगदानबारे जानकारी गराएका थिए ।

त्यस्तै, वडा नं. १३ को वडा कार्यालयस्थित सभाहलमा कार्यवाहक वडा अध्यक्ष हरिश्चन्द्र पन्थको अध्यक्षतामा कोणसभा सम्पन्न भएको थियो । प्रतिष्ठानका उपकुलपति न्यौपानेको प्रमुख आतिथ्यतामा भएको कार्यक्रमको उद्घाट वडा अध्यक्ष हड्खलेले गरेका थिए । कार्यक्रममा न्यौपानेले स्थानीय संस्कृति र सम्पदाको संरक्षण तथा पुस्तान्तरणको आवश्यकतामाथि जोड दिए ।

संयोजक गुरूङले मेलाको उद्देश्य र महत्वबारे जानकारी गराएक थिए । दुवै कार्यक्रममा प्राज्ञ देवीबहादुर बस्नेतले स्वागत मन्तव्य व्यक्त गरेका थियो भने प्राज्ञ सदस्य महाप्रसाद हड्खलेले सहजीकरण गरेका थिए ।

वडा नं. ९ मा आयोजित कोणसभामा नगर कार्यपालिका सदस्य ज्ञानुमाया सुनार, वडा सदस्य सन्तोष जिसी र उमा आचार्य, महेन्द्र माध्यमिक विद्यालयका प्रधानाध्यापक अमृतबहादुर थापा, सरस्वती प्राथमिक विद्यालयका प्रधानाध्यापक जोहर अलि मियालगायतको सहभागिता थियो ।

त्यस्तै, वडा नं. १३ को कार्यक्रममा जनजागृति माध्यमिक विद्यालयका प्रधानाध्यापक तीर्थ बर्देवा, सिद्धबेनी माध्यमिक विद्यालयका प्रधानाध्यापक रोदन थापालगायत शैक्षिक संस्था, आमा समूह, टोल विकास संस्था तथा विभिन्न सामुदायिक संस्थाका प्रमुख र प्रतिनिधिहरु सहभागी थिए ।

वडास्तरमा स्थानीय समुदायसँग छलफल गरी संस्कृति र सम्पदाको पहिचान तथा संरक्षणमा जनसहभागिता बढाउने प्रतिष्ठानको उद्देश्य छ । यस्ता कार्यक्रमले ओझेलमा परेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक सम्पदाको खोजी र अभिलेखीकरणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । साथै, पहिचान भएका सम्पदालाई ग्रामीण पर्यटनसँग जोडेर स्थानीय क्षेत्रको पर्यटन प्रवर्द्धन गर्ने लक्ष्य मेलाले राखेको छ ।

सडक नपुग्दा नुनमै दोब्बर -तेब्बर मूल्यको मार

भञ्ज्याङ समाचारदाता/गोरखा

बजारमा ३० देखि ३५ रूपैयाँमा पाइने एक प्याकेट नुन किन्न उत्तरी गोरखाको चुमनुब्री गाउँपालिकाका बासिन्दाले दुई सय रूपैयाँसम्म खर्च गर्नुपर्छ । सामान्य खाद्यवस्तुका रूपमा प्रयोग हुने नुन नै दुर्गम बस्तीका नागरिकका लागि महँगो उपभोग्य वस्तु बनेको छ । सडक पहुँच नपुगेका कारण खच्चडबाट ढुवानी गर्नुपर्ने र त्यसको खर्च उपभोक्ताको मूल्यमा जोडिने भएकाले स्थानीयले दैनिक उपभोग्य वस्तुमा चर्को मूल्य तिर्नुपरेको हो ।

सरकारले हिमाली तथा दुर्गम क्षेत्रका नागरिकलाई सहुलियत दरमा नुन उपलब्ध गराउन ढुवानी अनुदान दिँदै आए पनि त्यसको लाभ चुमनुब्रीका सबै बस्तीमा पुग्न सकेको छैन । गाउँपालिकाको केन्द्र आसपास र सडक पुगेका क्षेत्रमा समेत बजार मूल्यभन्दा बढी तिर्नुपर्ने अवस्था छ भने माथिल्ला बस्तीमा पुग्दा मूल्य झन्डै सात गुणासम्म महँगो हुने गरेको छ । साल्ट ट्रेडिङ कर्पोरेसनले आयो नुनको मूल्य प्रतिकिलो २६ रूपैयाँ, न्यू शक्ति नुनको २० रूपैयाँ र भानु नुनको नौ रूपैयाँ निर्धारण गरेको छ। तर, चुमनुब्रीका विभिन्न बस्तीमा आयो नुनको मूल्य प्रतिप्याकेट ६० देखि दुई सय रूपैयाँसम्म पर्ने गरेको स्थानीय बताउँछन् ।

तिब्बती सीमावर्ती सामागाउँ र साम्दोमा एक प्याकेट नुन किन्न दुई सय रूपैयाँ तिर्नुपर्छ। पाङसिङबाट साम्दोसम्म सामान पुऱ्याउँदा प्रतिकिलो एक सय रूपैयाँ ढुवानी भाडा लाग्ने स्थानीय निमा दोर्जेले बताउनुभयो । आरूघाट र आर्खेटबाट पाङसिङसम्मको ढुवानी खर्चसमेत जोड्दा नुनको मूल्य बढ्ने गरेको उनको भनाइ छ। उनले भने, "पाङसिङबाट साम्दोसम्म एक पोका नुन ल्याउँदा ढुवानी भाडामात्रै एक सय रूपैयाँ पर्छ । त्यसपछि पसलेले पाँचदेखि १० रूपैयाँ नाफा राख्दा एक पोका नुनको मूल्य दुई सय रूपैयाँ पुग्छ ।"

चुम उपत्यकाका छुले र निलेमा पनि नुनको मूल्य १८० देखि दुई सय रूपैयाँसम्म छ । पाङसिङबाट डेढदेखि दुई दिनको पैदल दूरीमा रहेका ती बस्तीमा खच्चडबाट सामान ढुवानी गर्दा प्रतिकिलो ६० रूपैयाँ भाडा लाग्छ । लामागाउँसम्म प्रतिकिलो ५५ रूपैयाँ र छेकम्पारको छेकम गाउँसम्म ५० रूपैयाँ ढुवानी भाडा पर्ने स्थानीय पासाङ फुन्जो लामाले बताउनुभयो । छेकम्पारका बस्तीमा एक प्याकेट नुनको मूल्य १५० रूपैयाँसम्म पर्ने गरेको छ ।

गाउँपालिकाका अन्य बस्तीमा पनि ढुवानी खर्चअनुसार मूल्य फरक छ। ल्होमा प्रतिप्याकेट १५० रूपैयाँ, बिहीमा एक सय रूपैयाँ र प्रोकमा एक सयदेखि १७० रूपैयाँसम्म नुनको मूल्य पर्ने गरेको स्थानीयले बताएका छन् । बिहीका स्थानीय काल्देन छेवाङका अनुसार हिउँदमा पाङसिङदेखि बिहीसम्म खच्चडबाट सामान ढुवानी गर्दा प्रतिकिलो २५ रूपैयाँ भाडा लाग्छ। वर्षायाममा भने भाडा बढेर ७० रूपैयाँसम्म पुग्ने भएकाले उपभोग्य वस्तुको मूल्य पनि बढ्ने गर्छ । चुम्लिङमा एक प्याकेट नुनको मूल्य एक सय रूपैयाँ छ। पाङसिङबाट चुम्लिङसम्म खाद्यान्न ढुवानी गर्दा प्रतिकिलो ३० रूपैयाँ भाडा लाग्ने स्थानीय गोपाल लामाले बताउनुभयो ।

अनुदानको नुन सबै बस्तीमा

बाँकी तेश्रो पेजमा

पर्यटन उद्योग विकासको मार्गचित्र

♦ दिनेश तुलाधर

पर्यटन उद्योगको मेरूदण्डका रूपमा रहेको आतिथ्य क्षेत्रलाई नेपालको अर्थतन्त्रको प्रमुख आधारका रूपमा लिन सकिन्छ । आतिथ्य क्षेत्रमा पनि होटल क्षेत्र व्यवसायका रूपमा मात्र नभई उद्योगका रूपमा विकास भएको छ । होटल उद्योगमा छ दशकभन्दा बढीको अवधिमा खर्बौं रूपैयाँ बराबरको निजी लगानी भइसकेको छ । यस उद्योगमार्फत रोजगारी सिर्जना, वैदेशिक मुद्रा आर्जन, लगानी विस्तार, गन्तव्य विकास तथा समग्र आर्थिक गतिविधिमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको छ ।

केही वर्षयता होटल उद्योगमा बढ्दो लगानीले मुलुकको समावेशी तथा विकेन्द्रित विकासमा होटल उद्योगले अतुलनीय भूमिका खेलेको छ। नेपालको होटल उद्योगले वार्षिक करिब ४० लाख पर्यटकलाई सेवा दिनसक्छ तर अहिले १२ लाख हाराहारी मात्रै पर्यटक आइरहेका छन् । देशभरका होटल तथा रिसोर्टहरूमा वार्षिक ४० लाखभन्दा बढी अन्तरराष्ट्रिय पर्यटकलाई सेवा प्रदान गर्ने क्षमता विकास भइसकेको छ भने लाखौं रोजगारी सिर्जना गरी विश्वस्तरका ख्याति प्राप्त चेन होटलहरूको पनि नेपालप्रति आकर्षण बढेको पाइन्छ ।

हाल नेपालमा करिब २० भन्दा बढी ठूला अन्तर्राष्ट्रिय चेन होटल तथा रिसोर्टहरु सञ्चालनमा छन् भने करिब १५ जति नेपाल आउने क्रममा रहेको अवस्था आफैंमा उत्साहप्रद देखिन्छ । तारे तहका होटल तथा रिसोर्टको संख्या पर्यटन विभागमा आधिकारिक दर्ता भएका नै ३५० रहेबाट वार्षिक झन्डै एक करोडको शय्याको उपलब्ध रहेको देखिन्छ ।

एकातिर होटलको सङ्ख्या र क्षमता बढ्दै गएको छ भने अर्कोतिर विदेशी पर्यटकको आगमन उल्लेख्य रूपमा बढ्न नसक्दा करिब ३५ प्रतिशत मात्र 'अकुपेन्सी' रहेको अवस्था छ । यसले उपलब्ध पूर्वाधार र लगानीको पर्याप्त उपयोग हुन नसक्दा व्यवसायीहरु निराश बन्नुपर्ने अवस्था रहेको छ ।

नेपालको पर्यटन 'सिजन'मुखी भएको कारण होटल उद्योगले वर्षभरि नै एकैखालको 'अकुपेन्सी' पाउन सकिरहेको छैन । देशको पर्यटन उद्योगको अथाह सम्भावनालाई दृष्टिगत गरी चेन होटलहरूको वृद्धिसँगै लगानी विस्तार बढिरहेको अवस्था छ भने पर्यटन विकेन्द्रीकरणको अभावमा मौकामा व्यवसाय गरी अरु समय व्यवसाय धान्न मुस्किल हुने गरेको छ। विगत केही वर्षमा पर्यटन पूर्वाधार विस्तार, हवाई पहुँच सुधार तथा होटल उद्योगको विकासमा उल्लेखनीय प्रगति भए पनि अन्तर्राष्ट्रिय सम्मेलन तथा प्रदर्शनी पूर्वाधारको अभाव, पर्यटकको औसत बसाइ अवधि र खर्च न्यून रहनु, उच्च सम्भावना भएका स्रोत बजारहरूबाट पर्यटक आगमनमा आएको कमी, गन्तव्य विविधीकरणको आवश्यकता, पर्यटन प्रवर्द्धनका नयाँ रणनीतिहरु तथा लगानीमैत्री नीतिगत सुधारजस्ता विषयहरु अझै पनि चुनौतीका रूपमा रहेका छन् ।

नेपालको पर्यटन क्षेत्रलाई गुणात्मक रूपमा विस्तार गर्दै उच्च खर्च गर्ने खालका पर्यटकहरूलाई आकर्षित गर्ने, उनीहरूको बसाइ अवधि बढाउने, लगानी प्रवर्द्धन गर्ने तथा नेपाललाई दक्षिण एसियाको अग्रणी पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न राज्यको सकारात्मक भूमिका आवश्यक छ । नेपाललाई अन्तरराष्ट्रिय सम्मेलन, प्रदर्शनी, खेल पर्यटन तथा आरोग्य पर्यटनको क्षेत्रीय केन्द्रका रूपमा विकास गर्न सकिन्छ। काठमाडौंलाई संस्कृति कला तथा सम्पदा पर्यटन, पोखरालाई नेपालको प्रमुख पर्यटन राजधानीका रूपमा विस्तार गरी लुम्बिनीलाई शान्तिभूमि तथा चितवन वर्दिया जस्ता केन्द्रलाई वन्यजन्तु पर्यटक केन्द्रका रूपमा विकास गर्न सकिएमा पर्यटकको आगमन, बसाइ र खर्च गर्ने क्रम बढाउन सकिन्छ । जनकपुरलाई



विवाह गन्तव्यका रूपमा विस्तार गरी खप्तड बडीमालिका, सैलुङजस्ता क्षेत्रहरूमा होटल तथा क्यासिनो विस्तार गर्न आकर्षक लगानी तथा वित्तीय सहजीकरणको आवश्यकता रहेको छ ।

पर्यटकको औसत बसाइ अवधिमा वृद्धि र प्रतिपर्यटक खर्च वृद्धि गर्न पर्यटन उत्पादनको विविधीकरण तथा गन्तव्य व्यवस्थापनमा ध्यान दिनुपर्ने हुन्छ। खासगरी भारत, चीन बङ्गलादेश, श्रीलङ्का, अमेरिका, युरोपलगायत प्रमुख स्रोत बजारबाट पर्यटक आगमन वृद्धि गर्न विशेष रणनीति जरूरत पर्दछ । होटल तथा पर्यटन क्षेत्रमा निजी लगानी विस्तारका लागि नीतिगत तथा संस्थागत सुधारका साथै कानूनी उल्झन र अप्ठ्याराहरूलाई द्रूतगतिमा सम्बोधन गर्न तथा हवाई पहुँच, पर्यटन क्षेत्रको समग्र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि तथा पर्यटनमैत्री वातावरण निर्माणसम्बन्धी सुधार गर्न अन्तरमन्त्रालय निकाय सम्मिलित सहजीकरण समितिमार्फत कार्य सम्पादन गरिनुपर्ने हुन्छ ।

सरकार र निजी क्षेत्रको सहकार्यमा नेपालको पर्यटन क्षेत्रको आधारस्तम्भ होटल उद्योगलाई राष्ट्रिय आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा स्थापित गर्न सकिन्छ । होटल उद्योगलाई थप प्रोत्साहित गर्दा बहुआयामिक क्षेत्रमा सकारात्मक प्रभाव पुग्ने, आपूर्ति शृङ्खला अभिवृद्धि हुने, ग्रामीण विकासले गति लिने मात्र नभई नेपालले अन्तरराष्ट्रिय पर्यटक आगमन संख्या वृद्धिमार्फत पर्यटन आम्दानी, वैदेशिक लगानी र रोजगारी सिर्जनामा गुणात्मक फड्को मार्न सकिन्छ ।

नेपालमा योग, ध्यान र प्राकृतिक उपचारको ठूलो सम्भावना छ । सरकारले पदयात्रा र साहसिक पर्यटनसँगै आरोग्य पर्यटनलाई पनि प्राथमिकतामा राखेकामा होटल क्षेत्रले उच्च प्रशंसा गर्दै त्यसलाई व्यवस्थित रूपमा प्रवर्द्धन गर्नसके उच्च खर्च गर्ने पर्यटक आकर्षित गर्न सकिन्छ।

मुलुकको पर्यटन प्रवर्द्धनका लागि विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूले जुन सक्रियताका साथ कार्य गर्नुपर्ने हो सोको कार्यान्वयन हुन नसकेको र आवधिक रूपमा गरिने भौतिक उपस्थितिसहितको प्रवर्द्धनले मात्र नेपाली पर्यटन उद्योगको विकास हुन सकेको छैन । आर्थिक कूटनीतिअन्तर्गत पर्यटन कुटनीतिलाई विशेष जोड दिन परराष्ट्र मन्त्रालयअन्तर्गत पर्यटन कूटनीतिका विज्ञ व्यक्ति नियुक्त गरी पर्यटन मन्त्रालय, नेपाल पर्यटन बोर्ड र पर्यटनसँग सम्बन्धित संघसंस्थाहरूसमेतको ज्ञान, सीप र सञ्जालको भरपूर उपयोग गर्न आवश्यक छ ।

पर्यटन नीति २०८२ को गहन विश्लेषणग गरी त्यसमा उल्लेखित विषयहरूलाई नयाँ बन्ने पर्यटन ऐनमा समेटिनुपर्ने हुन्छ । नीतिमा उल्लेख गरिएका विषयहरूको कार्यानवयन ऐनमार्फत हुने हुँदा यसले मुलुकको पर्यटन क्षेत्रलाई माथि उठाउन महत्वपूर्ण कानुनी आधार तयार गर्दछ । पर्यटन अन्तर्राष्ट्रिय सम्बन्ध जोडिएको र निजी क्षेत्रले बढी भूमिका खेल्नसक्ने भएको हुँदा ऐनको तर्जुमा गरिरहँदा पर्यटन सुरक्षा, डिजिटल पेमेन्ट, कृत्रिम बौद्धिकताको प्रयोग, अनलाइन पर्यटनको विकासमा काम गर्न कठिनाइ हुने हुँदा प्राधिकरणमार्फत पूर्वाधार निर्माण, दीर्घकालीन योजनालगायतका धेरै कामहरु गर्न सहज हुने देखिन्छ ।

नेपाललाई पुराना ब्रान्डिङ (प्रकृति, संस्कृति र साहसिक गन्तव्य) का रूपमा मात्र सीमित राखिँदा विश्व बजारमा अन्य मुलुकहरूमा प्रयोग भइसकेको पर्यटन उद्योगका महत्वपूर्ण हिस्साहरु अहिलेसम्म बजारीकरण तथा व्यवस्थापन गर्न सकिएको छैन । हाल अधिक मागसहित प्रचलनमा रहेका दिगो पर्यटन, आरोग्य पर्यटन, स्वास्थ्य पर्यटन, खेल पर्यटन, 'डिजिटल नोम्याड', सेवानिवृत्त पर्यटन, अनुभवात्मक पर्यटन, 'रिजेनेटिभ टुरिजम', 'ट्रान्सफर्मेटिभ टुरिजम'हरूलाई अब सहायक पर्यटनका रूपमा नराखी पर्यटन नीति २०८२ का नवीन भावनाबमोजिम तत्काल कार्यान्वयनमा लैजान प्रस्तावित पर्यटन ऐनमा अद्यावधिक गरी अन्य ऐनहरूमा पनि समयसापेक्ष सुधारको खाँचो रहेको छ ।

पर्यटन तथा होटलसम्बन्धी नीति, नियम, कानुन, नियमावली, निर्देशिका तथा मापदण्डहरूलाई परिवर्तित बजारको माग, पर्यटकको रूचि आदि विषयहरूलाई सापेक्ष बनाई व्यवसाय तथा पर्यटकमैत्री बनाउन विशेष प्राथमिकताका साथ संशोधन तथा परिमार्जन गर्नुपर्ने देखिन्छ । सन् २०३० भित्रमा पर्यटकहरूले कम्तीमा पनि दैनिक



भिसालगायत धेरै कुराहरूलाई समयानुकूल बनाउँदै लैजानुपर्ने हुन्छ । नेपालको पर्यटनलाई अझ विस्तृत र परिणाममुखी बनाउन नेपाल पर्यटन बोर्डको प्रवद्धनात्मक भूमिकासँगै पर्यटनको दिगो विकासका लागि पर्यटन विकास प्राधिकरणको आवश्यकता महसुस हुन थालेको छ । मन्त्रालय, विभाग र बोर्डले मात्रै समग्र औसत खर्च न्यूनतम पनि एक सय डलर पुऱ्याउने गरी ठोस कार्यनीति आवश्यक रहेको छ । आजको विश्व बजारमा परम्परागत ढङ्गले बजारीकरण हुन सक्दैन । विभिन्न पर्यटक आकर्षणका गतिविधिहरु वृद्धि गर्दै सन् २०३० भित्र पर्यटकको औसत बसाई अवधि कम्तीमा पनि २० दिन पुऱ्याउने नीति अवलम्बन गर्नुपर्ने हुन्छ ।

साथै, अन्तर्राष्ट्रिय पर्यटकहरूका लागि अनलाइन भिसा/इटिए/अन आगमन भिसामा पर्यटकमैत्री तथा प्रविधिमैत्री बनाउन सकिए निश्चय नै लक्षित पर्यटक भित्र्याउन सकिन्छ ।

प्रधानमन्त्री वालेन शाहसँग केही दिनअघि होटल संघ नेपाल (हान) का पदाधिकारीहरूले गरेको विशेष छलफलमा वर्तमान सरकारले निजी क्षेत्रलाई उच्च प्राथमिकता दिएकाले राज्यलाई आफ्नो बलियो साझेदार मानेर ढुक्कसँग काम गर्न प्रधानमन्त्रीले गर्नुभएको अनुरोध निकै प्रशंसनीय छ । सो अवसरमा प्रधानमन्त्री शाहले निजी क्षेत्रलाई राज्यको विकास साझेदारका रूपमा अघि बढाउन सरकार प्रतिबद्ध रहेको बताउनुभएको थियो । होटल व्यवसायीलाई कानुनको पालना गर्दै व्यवसाय सञ्चालन गर्न, साना तथा मझौला होटललाई पर्यटन विभागमा दर्ता गरी करको दायरामा ल्याउन तथा सार्वजनिक-निजी साझेदारी (विपिपी) मोडलमा गर्न सकिने सहकार्यबारे अध्ययन गर्न सकिने उहाँबाट भनाइप्रति व्यवसायीहरूमा नयाँ उत्साह जागृत भएको छ । अन्तर्राष्ट्रिय गौरवका आयोजनाका रुपमा रहेका पोखरा र भैरहवा विमानस्थललाई पूर्ण रूपमा सञ्चालनमा ल्याउन तथा राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाइन्सको सेवामा व्यापक सुधार गर्न सरकारसँग अनुरोध गरिएको छ ।

यसैगरी, व्यवसायीहरूको तर्फबाट होटल उद्योगलाई अन्य उत्पादनमूलक उद्योग सरह विद्युत् महसुलमा सहुलियत दिन र साना तथा मझौला होटलका लागि २५ शय्यासम्मको सङ्क्षिप्त वातावरणीय मूल्याङ्कन अध्ययन अव्यावहारिक भएकाले त्यसलाई ५० शय्यासम्म कायम गर्न माग गरिएको थियो। वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा प्रविधि हस्तान्तरणअन्तर्गत 'ट्रेडमार्क' प्रयोगको 'रोयल्टी' रकम प्रचलित करबाहेक कूल बिक्री मूल्यको पाँच प्रतिशतभन्दा नबढ्ने व्यवस्थालाई संशोधन गरी आपसी समझदारीमा मूल्य कायम गर्ने प्रबन्ध मिलाउन र होटल व्यवसायसँग सम्बन्धित अन्य पुराना कानुन संशोधन तथा पुनरावलोकन गर्न समेत माग गरिएको थियो । पर्यटन उद्योग विश्व बजारबाट तुरून्तै प्रभावित हुने उद्योग भएका कारण विज्ञान र प्रविधिको अधिकतम प्रयोगमार्फत दिनानुदिन सञ्चालन र व्यवस्थापनका आयामहरु परिवर्तन भइरहेको समयमा प्रतिस्पर्धी र परिवर्तनमुखी बनाउन आवश्यक छ। (प्रस्तुत विचार हानका उपाध्यक्ष तुलाधरसँग गरिएको कुराकानीमा आधारित)

तपाईको आज

मेष
आज नयाँ योजना, पारिवारिक सहयोग प्राप्त हुनेछ। व्यापार तथा पेशामा सकारात्मक संकेत देखिएन्छ

वृष
आर्थिक पक्ष सुदृढ बन्नेछ। आफन्तसँगको सम्बन्ध अझ प्रगाढ बन्ने सम्भावना छ। स्वास्थ्यमा सामान्य सतर्कता आवश्यक छ।

मिथुन
बौद्धिक कार्यमा सफलता मिल्नेछ। अध्ययन, लेखन वा सञ्चार क्षेत्रसँग सम्बन्धित व्यक्तिका लागि दिन फलदायी रहनेछ।

कर्कट
परिवारको साथ र सल्लाहले महत्वपूर्ण निर्णय लिन सहज हुनेछ। रोकिएका काम अघि बढ्न सक्छन्।

सिंह
नेतृत्व क्षमता प्रदर्शन गर्ने अवसर प्राप्त हुन सक्छ। सामाजिक प्रतिष्ठा बढ्ने संकेत छ।

कन्या
कार्यव्यस्तता बढे पनि परिणाम सन्तोषजनक रहनेछ। आर्थिक लेनदेनमा सावधानी अपनाउनुहोस्।

तुला
नयाँ सम्बन्ध र सहकार्यका अवसर प्राप्त हुन सक्छन्। वैदेशिक वा दूरस्थानसँग सम्बन्धित काममा सकारात्मक संकेत ।

वृश्चिक
धैर्य र संयमले चुनौती पार गर्न सकिनेछ। स्वास्थ्य तथा खानपानमा ध्यान दिनु आवश्यक छ।

धनु
छोटो यात्रा लाभदायी हुन सक्छ। पुराना साथीभाइसँगको भेटघाटले मन प्रफुल्लित बनाउनेछ।

मकर
आर्थिक व्यवस्थापनमा सुधार आउनेछ। कार्यस्थलमा जिम्मेवारी बढ्न सक्छ तर त्यसले भविष्यमा लाभ दिनेछ।

कुम्भ
नयाँ विचार र योजनाले सफलता दिलाउन सक्छ। सामाजिक तथा व्यावसायिक क्षेत्रमा प्रभाव बढ्नेछ।

मीन
आध्यात्मिक तथा धार्मिक गतिविधिप्रति आकर्षण बढ्नेछ। रोकिएका काम पूरा हुने सम्भावना छ।

भाल्चेको भेडा फार्म: नश्ल सुधारदेखि पर्यटन प्रवर्द्धनसम्म

भञ्ज्याङ समाचारदाता/नुवाकोट

यहाँको मनमोहक दृश्यावलोकन अवलोकन गर्न र बरूवाल जातको भेडा फार्म हेर्न यहाँ नियमतिरूपमा आन्तरिक तथा विदेशी पर्यटक आउने गर्छन् । नुवाकोटको किस्पाङ गाउँपालिका-१ बरूवाल जातका भेडाको नश्ल सुधारको प्रमुख स्थल हो । सरकारको राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय मातहतको यो केन्द्र समुद्री सतहबाट करिब दुई हजार मिटरको उचाइमा छ । यहाँ पुग्न काठमाडौंबाट १०१ किमीको दूरी पार गर्नुपर्छ । स्रोत केन्द्रका नाममा ६६० रोपनी जमिन छ । बाँकी खर्क र पर्याप्त चरण क्षेत्र, यहाँ हाल तीन सय ५४ भेडा छन्।

स्रोत केन्द्रका कार्यालय प्रमुख डा श्यामकृष्ण तिवारीले भेडापालक किसान समूहलाई प्रजननका लागि मात्रै यहाँका भेडा बिक्री गरिने बताउनुभयो । हाल नुवाकोटका दुई तथा धादिङ र रसुवाका चार किसान समूहले यहाँबाट प्रजननका लागि भेडाका पाठापाठी किनेर लाने गरेका छन् । त्यसका लागि निश्चित विधि तोकिएको छ। किसान समूहको निवेदन र वडाको सिफारिसपछि स्रोत केन्द्रले राजस्व तिर्न लगाएर भेडा बेच्ने गर्छ। केन्द्रमा उत्पादन भएका भेडाका थुमा मागबमोजिम कृषकलाई बिक्री वितरण गरिन्छ । यसका अतिरिक्त बहुवर्षीय घाँस (राईघाँस, सेटेरीया, किक्यु तथा पास्पालम) को बीउ बेर्ना उत्पादन तथा विक्री वितरण पनि गरिन्छ ।

कार्यालय प्रमुख तिवारीले यहाँ सबै समूहका एक हजार भेडा रहेका छन् । केन्द्रले भेडापालन र बिक्रीका साथै किसानलाई ऊन काट्ने कैँची, भेडा पाल्ने त्रिपाल, च्यानकोटजस्ता सामग्रीका साथै तालिम पनि प्रदान गर्दै आएको छ । यहाँ भन्नुहुन्छ, "हाम्रो कार्य विवरणमा भेडा धेरै आफैँ पाल्नेभन्दा पनि किसानलाई उत्पादन बढाउन प्रेरित गर्ने लक्ष्य रहेको छ। बरूवाल जातको भेडा संरक्षणका यो केन्द्र लागि खोलेको हो । हामीले न्यूनतम दुई सय भेडा राख्दा पुग्छ, तर कम्तीमा एक हजार भेडाका लागि चरण क्षेत्र पुग्ने भएकाले अब हामीले करिब पाँच सयसम्म भेडा पुऱ्याउने लक्ष्य लिएका छौं ।"

आनुवंशिक स्रोत केन्द्रले राष्ट्रियस्तरमा भेडाको उत्पादकत्व वृद्धि, संरक्षण, प्रवर्द्धनमार्फत स्थानीय जनताको जीवनस्तर उठाउन विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । केन्द्रमा विशेषगरी भेडापालन र भेडाको आनुवंशिक स्रोत संरक्षण तथा सुधारमा केन्द्रित रहे पनि स्थानीय कृषकको मागलाई ध्यानमा राख्दै गाईभैंसीमा प्राकृतिक प्रजनन सेवा उपलब्ध गराउने उद्देश्यले मुर्रा क्रस राँगो र जर्सी साँढेसमेत राखिएको छ। हालै किस्पाङ गाउँपालिकाका कार्यबाहक अध्यक्ष अर्जुनप्रसाद न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत केदारप्रसाद खतिवडा, लोकप्रिय गायक थानेश्वर गौतम, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का केन्द्रीय सदस्य बुद्धि जिसी, राष्ट्रिय स्वतन्त्र पार्टीका किस्पाङ गाउँपालिकामा सभापति शिवप्रसाद भट्ट, किस्पाङ बहुप्राविधिक शिक्षालयका प्रमुख विनोद न्यौपाने र सञ्चारकर्मीसहितको टोलीले भेडा फार्मको अवलोकन गरेको थियो।

भेडा फार्मलाई थप पर्यटीयक केन्द्र बनाउन र गाउँपालिकाका तर्फबाट आवश्यक पर्यटकीय पूर्वाधार विकासका लागि काम भइरहेको प्रमुख प्रशासकीय अधिकृत खतिवडाले बताउनुभयो। स्थापनादेखि नै स्थानीय बरूवाल भेडाको नस्ल सुधार, उन्नत जातका भेडाको उत्पादन तथा कृषकलाई प्रजननयोग्य थुमा उपलब्ध गराउँदै आएको यस केन्द्र इतिहास राणाकालीन सरकारी गाईगोठसँग जोडिएको छ ।

भेडा विकास फार्म स्थापना हुनुअघि यस स्थानमा सरकारी गाईगोठ सञ्चालनमा थियो, जसलाई स्थानीय बासिन्दाले 'राजाको गोठ' पनि भन्ने गर्दथे । त्यहाँ पालिएका गाईबाट उत्पादित दूध, दही, मही र घ्यू काठमाडौं दरबारमा पठाउने गरिन्थ्यो । तत्कालीन श्री ५ को सरकार, कृषि मन्त्रालयले गाईगोठ हटाएर स्थानीय बरूवाल भेडाको नश्ल सुधार, मासु तथा ऊन उत्पादनमा वृद्धि गर्ने उद्देश्यले भेडा फार्म स्थापना गरेको थियो । फार्म स्थापना भएपछि राम्रो ऊन उत्पादन गर्ने विदेशी जातका भेडासँग स्थानीय बरूवाल भेडाको प्रजनन गराई वर्णशङ्कर पाठापाठी उत्पादन गर्ने तथा यससम्बन्धी अध्ययन-अनुसन्धान अघि बढाइएको थियो ।

ज्ञविनासकारी भूकम्पपछिको पुन:निर्माणपछि फार्मको नाम परिवर्तन गरेर भेडा आनुवांशिक स्रोत केन्द्र राखिएको हो । विसं २०२७/२८ ताका अष्ट्रेलियन पोलवर्थ र स्थानीय बरूवाल भेडाबीच क्रस प्रजनन गराई ५० प्रतिशत क्रस भेडा उत्पादन तथा विभिन्न अध्ययन(परीक्षण सुरू गरिएको थियो। त्यसक्रममा फार्मले क्रमश: उन्नत जातका भेडाको उत्पादन र वितरणलाई समेत प्राथमिकता दिएको थियो । विसं २०३० जेठ २६ गते तत्कालीन राजा वीरेन्द्र शाहले फार्मको अवलोकन भ्रमण गरी यसको विस्तारका लागि निर्देशन दिएपछि कार्यक्रम थप सक्रिय बनेको थियो। विंस २०३०/३१ देखि फार्ममा उत्पादित उन्नत जातका थुमा प्रजननका लागि स्थानीय किसान तथा देशका विभिन्न जिल्लामा वितरण गर्न थालिएको थियो ।

विंस २०३५/३६ मा विश्व बैंकको ऋण सहयोगमा रसुवा(नुवाकोट एकीकृत ग्रामीण विकास परियोजना सञ्चालनमा आएपछि फार्मको भौतिक पूर्वाधार विकाससँगै भेडाको नश्ल सुधार, अध्ययन(अनुसन्धान, उत्पादन तथा वितरणमा महत्वपूर्ण सहयोग पुगेको थियो। सोही परियोजनाअन्तर्गत २०३६ साल फागुनमा फ्रान्सबाट चार महिनाका आठ पाठी र दुई पाठा गरी १० वटा फ्रेन्च मेरिनो डार्ले जातका भेडा ल्याइएको थियो । अन्य जातको अपेक्षित वृद्धि र विकास हुन नसकेपछि हाल स्रोत केन्द्रमा भने बरूवाल भेडा मात्रै राख्न थालिएको छ ।

सडक नपुग्दा नुनमै .....

पुगेन

सरकारले दुर्गम हिमाली क्षेत्रका नागरिकलाई सहुलियतमा नुन उपलब्ध गराउन ढुवानी अनुदान कार्यक्रम सञ्चालन गरेको छ । यसको व्यवस्थापनको जिम्मेवारी साल्ट ट्रेडिङ कर्पोरेसनले पाएको छ। तर, अनुदानमा ढुवानी गरिएको नुन सीमित क्षेत्रमा मात्रै उपलब्ध हुँदा दुर्गम बस्तीका उपभोक्ता महँगो मूल्य तिर्न बाध्य छन्।

कर्पोरेसनका गण्डकी प्रदेश प्रमुख सागर सेरचनका अनुसार चालु आर्थिक वर्षमा उत्तरी गोरखाको सिर्दिबासका लागि ३५० क्विन्टल आयो नुन पठाइएको छ । कर्पोरेसनले प्रतिकिलो २८ रूपैयाँका दरले नुन पठाउने र पोखराबाट सिर्दिबाससम्म ढुवानी गर्ने ठेकेदारलाई सरकारले ढुवानी खर्च उपलब्ध गराउने व्यवस्था छ । तर, सिर्दिबाससम्म पुगेको अनुदानको नुन त्यसभन्दा माथिका बस्तीमा सहजै पुग्न सकेको छैन । छेकम्पारका स्थानीय पासाङ फुन्जो लामाका अनुसार सरकारले जगतसम्म नुन ढुवानीका लागि अनुदान उपलब्ध गराउँछ । त्यहाँबाट सामागाउँ र साम्दो पुग्न चार दिन तथा छेकम्पार पुग्न तीन दिन लाग्ने भएकाले थप ढुवानी खर्च स्थानीयले नै बेहोर्नुपर्छ । "सरकारले जगतसम्म नुन पुऱ्याउन ढुवानी अनुदान दिन्छ । त्यहाँबाट माथिल्ला बस्तीमा पुग्न तीनदेखि चार दिन लाग्छ । त्यसैले हामीले चर्को खच्चड ढुवानी भाडा तिर्नुपर्छ", उहाँले भन्नुभयो ।

सडक विस्तार नहुँदा ढुवानीमै निर्भर जीवन

चुमनुब्री गाउँपालिकाका सात वडामध्ये सिर्दिबास क्षेत्रको वडा नं. ३ बाहेक अन्य छ वडा अझै सडक सञ्जालको पहुँचबाट टाढा छन् । नेपाली सेनाले गाउँपालिकाको केन्[] फिलिमदेखि माथि पेवासम्म सडकको ट्र्याक खोले पनि मोटर पाङसिङसम्म मात्रै पुगेको छ । बेनिघाट-आरूघाट-लार्के सडकअन्तर्गत हावाडाँडादेखि चीनको सीमास्थित लार्के भञ्ज्याङसम्म ट्र्याक खोल्ने जिम्मेवारी सेनाले पाएको छ । तर, बजेट अभाव र स्रोत सुनिश्चितताको समस्याले निर्माणले अपेक्षित गति लिन सकेको छैन । मोटर पुगेको पाङसिङभन्दा माथिका बस्तीमा खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तु ढुवानीको मुख्य साधन खच्चड हो । सामागाउँ र साम्दोसम्म सामान पुऱ्याउँदा प्रतिकिलो एक सय रूपैयाँसम्म ढुवानी भाडा लाग्ने सामागाउँका व्यवसायी वीरबहादुर लामाले बताउनुभयो ।

स्तनपान र पुरक तथा थप खाना बारे जानकारी :

- जन्मेको १ घण्टा भित्र स्तनपान गराउन सुरू गर्ने ।
- जन्मेदेखि ६ महिनाको उमेरसम्म शिशुलाई आवश्यक पर्ने सम्पुर्ण पोषक तत्व आमाको दुधले नै प्रदान गर्ने भएकोले पुर्ण स्तनपान गराउने (अन्य कुनै खाना वा झोल कुरा नखुवाउने)
- ६ महिना पूरा भइसकेपछी बच्चालाई आमाको दुधले मात्र नपुग्ने भएकाले स्तनपानको साथ साथै थप आहार दिन सुरू गर्नु पर्छ
- पुरक तथा थप खाना खुवाउँदा ४ प्रकारका खानेकुरा (अन्न/कन्दमुल, गेडागुडी, हरियो सागपात/फलफुल र पशुजन्य खाना) मिसाएर खुवाउने ।
- ६-९ महिनाको बच्चाले कम्तिमा ३ पटक थप खाना खानु पर्दछ
- ९-१२ महिनाको बच्चाले कम्तिमा ३ पटक खाना र १ पटक खाजा खानु पर्दछ ।
- १२-२४ महिनाको बच्चाले कम्तिमा ३ पटक खाना र २ पटक खाजा खानु पर्दछ ।

बच्चालाई पुरक तथा थप खाना बनाउँदा २ बालबालिकाको चिन्ह भएको आयोडिन युक्त नुनको प्रयोग गर्नु पर्छ। साथै खाना खानु अघि पछि साबुन पानीले हात मिचिमिचि धुने र स्वच्छ पानीको प्रयोग गर्नु पर्छ ।

प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँ
दमौली तनहुँ । गण्डकी प्रदेश

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

कात्तिक २१ गते शनिबार

१) पोखरा हरियो खर्क तथा दीर्घायू हस्पिटलका वरिष्ठ नाक, कान र घाँटी रोग विशेषज्ञ **डा. डि.बि. लामिछानेद्वारा** नाक, कान र घाँटी सम्बन्धी स्वास्थ्य परीक्षण जस्तै **क) नाक सम्बन्धी समस्याहरुका लक्षणहरु :** लगातार छिंक आउने, नाक बन्द हुनु वा सास फेर्न गाह्रो हुनु, नाकबाट पानी बगिरहने, नाकबाट रगत आउने, सुघ्ने क्षमता घट्नु (पिनास हुनु) र नाकभित्र पोल्ने वा गिज्याउने चिलाउने अनुभव हुनु । **ख) कान सम्बन्धी लक्षणहरु :** श्रवण शक्ति कम हुनु, कानभित्र गुन्जिनु/आवाज आउनु, कान दुख्नु, फोहोर जम्मा हुनु, पानी बग्नु, पिप वा रगत निस्कनु, चक्कर लाग्नु/सन्तुलन बिग्रनु र कान पोल्नु वा चिलाउनु । **ग) घाँटी सम्बन्धी समस्याहरुका लक्षणहरु :** घाँटी दुख्नु वा पोल्नु, आवाज भारी हुनु/स्वर परिवर्तन, निल्न गाह्रो हुनु/दुखाई हुनु (Tonsillitis), घाँटी सुख्खा हुनु/सुक्खा खोकी लाग्नु, घाँटीमा डल्ला जस्तो अनुभव हुनु, दीर्घकालीन खोकी वा स्वर गुम्नु आदि समस्या भएमा सम्पर्क राखि सेवा लिनु होला ।

हाम्रा उपलब्ध सेवाहरु :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेबुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश

स्थानीय फूलको उपयोग सम्बन्धमा



यस नगरपालिकाद्वारा प्रवर्द्धित देहाय कृषक एवं नगरभित्र पुष्प खेती गर्नुभएका अन्य कृषकहरूद्वारा उत्पादित सयपत्री तथा मखमली फूल नजिकिदै गरेको तिहार, छटपर्व लगायत विभिन्न चाडपर्व, धार्मिक तथा साँस्कृतिक कार्यक्रमहरूमा प्लाष्टिकजन्य कृत्रिम फूलमालाको सट्टा प्रयोग गरी स्थानीय उत्पादन उपभोगमा सहयोग गरिदिनुहुन सम्पूर्ण नगरवासी, सरकारी तथा गैरसकारी संघसंस्था, व्यवसायी तथा सरोकारवालाहरूमा हार्दिक अनुरोध गरिन्छ ।

फूल खेती गर्ने कृषकहरूको विवरण :

क्र.सं.	फूल खेती गर्ने कृषक/फर्म	ठेगाना	सम्पर्क नं.	कैफियत
१	चापाघाट कृषि फर्म (विष्णु माया श्रेष्ठ)	व्यास ५	९८६६००१५५२	सयपत्री+मखमली
२	कृष कृषि तथा पशु फर्म (तारा देवि श्रेष्ठ)	व्यास १०	९८०६६८९२३०	सयपत्री
३	मानतिरी वर्ड फर्म (मान बहादुर आले)	व्यास १३	९८०५८४०२०४	सयपत्री+मखमली
४	गौरी पण्डित क्षेत्री	व्यास ४	९८१६६६०८३१	सयपत्री
५	टिका माया कैनी	व्यास ११	९८४६१३७९६९	सयपत्री
६	चन्द्रावती कमली	व्यास ११	९८४६२३६०५७	सयपत्री
७	गोमा दाहाल	व्यास ११	९८४६६२९९८३	सयपत्री



बन्दीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बन्दीपुर अस्पताल
बन्दीपुर-४, तनहुँ । गण्डकी प्रदेश, नेपाल

बोलपत्रको सम्पूर्ण खरिद कारबाही रद्द गरिएको सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८३/०७/२१ गते

प्रस्तुत सम्बन्धमा बन्दीपुर गाउँपालिका अन्तर्गतको बन्दीपुर अस्पतालको वार्षिक स्वीकृत योजना "बन्दीपुर अस्पताल निर्माण एवं मर्मतसंहार: (Remaining Construction and Maintenance Works at Bandipur Hospital) सम्बन्धी बोलपत्र सूचना: BH/NCB/WORKS/01/2083/084, मा प्राप्त भएका तीन बोलपत्रहरूको मिति २०८३/०७/२० गते बन्दीपुर अस्पताल मूल्याङ्कन समितिद्वारा अध्ययन गर्दा, पहिलो बोलपत्रदाताले ४८ वटा ईकाई दररेट भर्नुपर्नेमा ४४ वटा ईकाई दररेट मात्र भरेको, दोश्रो बोलपत्रदाताले ४८ वटै ईकाई दररेट भरेको र तेश्रो बोलपत्रदाताले कुनै पनि ईकाई दररेट नभरेको देखियो । ईकाई दररेट तुलना गर्दा पहिलो र दोश्रो बोलपत्रदाताका सम्पूर्ण ४४ वटै ईकाई दररेटहरू हुबहु (ठ्याकै एउटै/समान) रहेको देखिएकाले, दुई फरक बोलपत्रदाताहरूको ४४ वटै ईकाई दररेट समान रहेको विषय केवल संयोग मात्र हो भनि मान्न न-सकिने भएकाले सार्वजनिक खरिद ऐन, २०६३ (दोश्रो संशोधन २०८३ समेत) को दफा २६ आकर्षित भई सम्बन्धित बोलपत्रदाताहरूद्वारा स्वतन्त्र रूपमा प्रतिस्पर्धात्मक रूपमा बोलपत्र नभरी बोलपत्रदाताहरूले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित हुने ठहर गर्दै मूल्याङ्कन समितिको मिति २०८३/०७/२० गतेको बैठकद्वारा यस बोलपत्रको सम्पूर्ण खरिद कारबाही रद्द गर्न सिफारिस गर्ने निर्णय भई आएकाले सार्वजनिक खरिद ऐन, २०६३ (दोश्रो संशोधन २०८३ समेत) को दफा २६ बमोजिम बोलपत्रको सम्पूर्ण कारबाही रद्द गर्ने यस कार्यालयको निर्णयानुसार ऐ. ऐनको दफा २६ को उपदफा (३) बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो कारण सहितको सूचना प्रकाशन गरिएको छ ।

साथै यससँग सम्बन्धित बोलपत्र नयाँ e-GP प्रणाली मार्फत पुनःआव्हान गरिने व्यहोरा सम्बन्धित सबै बोलपत्रदाताहरूलाई जानकारी सहित अनुरोध गरिन्छ ।

मेडिकल सुपरिटेन्डेन्ट

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



बन्दीपुरे हाटबजार : तनहुँको बन्दीपुर गाउँपालिकाले सञ्चालनमा ल्याएको शुक्रबारे कृषि हाटबजारमा स्थानीय उत्पादन खरिद बिक्री गरिदै। गाउँपालिकोले स्थानीय उत्पादनको प्रवर्द्धन, किसानको मेहनतको सम्मान र स्थानीय बजारको विकासका लागि भन्दै बन्दीपुरे हाटबजार सञ्चालनमा ल्याएको हो ।

तस्विर : भञ्ज्याङ

फेवा किनारको भविष्य : व्यापारिक केन्द्र कि सार्वजनिक खुला क्षेत्र ?

भञ्ज्याङ समाचारदाता/पोखरा

फेवाताल किनारका सार्वजनिक जग्गाको उपयोग कसरी गर्ने भन्ने विषयले पोखरामा नयाँ बहस सिर्जना गरेको छ। सरकारी जग्गाबाट आम्दानी बढाउने उद्देश्यले नेपाल ट्रस्टले व्यापारिक भवन, होटल र रेस्टुरेन्ट निर्माणका लागि निजी क्षेत्रलाई ३० वर्षसम्म भाडामा दिने प्रस्ताव अघि सारेपछि ताल किनारको संरक्षण र उपयोगबारे मतभेद देखिएको हो । पोखरेली नागरिक अगुवा, पर्यटन व्यवसायी र अधिकारकर्मीले भने फेवाताल किनारलाई व्यापारिक क्षेत्र बनाउनेभन्दा सार्वजनिक उपयोगका लागि खुला राख्नुपर्ने धारणा राखेका छन् । उनीहरूले तालको प्राकृतिक सौन्दर्य कायम राख्ने, हरियाली बढाउने, पार्क र पैदलमार्ग निर्माण गर्ने तथा ऐतिहासिक सम्पदाको संरक्षण गर्ने विकल्प अघि सारेका छन् । पूर्वराजपरिवारको स्वामित्वमा रहेका बसुन्धरा पार्क, हिमागृह, रत्नमन्दिर र बाराहीघाट आसपासका जग्गा अहिले नेपाल ट्रस्टको मातहतमा छन्। ट्रस्टले ती जग्गाको व्यावसायिक उपयोगमार्फत आम्दानी गर्ने योजना बनाएपछि प्रस्तावित संरचनाको प्रकृति र त्यसले तालको वातावरणमा पार्ने प्रभावबारे प्रश्न उठेको छ ।

विशेषगरी फेवातालको ६५ मिटर मापदण्डभित्र पर्ने सरकारी जग्गामा व्यापारिक संरचना निर्माण गर्ने प्रस्तावलाई सरोकारवालाले विरोधाभासपूर्ण मानेका छन् । एकातिर तालको मापदण्ड कार्यान्वयन गर्दै निजी संरचना हटाउने बहस भइरहेको छ भने अर्कोतिर सरकारी जग्गामै ठूला व्यावसायिक संरचना बनाउने योजना आउनु उचित नहुने उनीहरूको तर्क छ ।

नागरिक अगुवा रामबहादुर पौडेलले फेवा किनारका ऐतिहासिक तथा सार्वजनिक क्षेत्रलाई व्यावसायिक स्वार्थमा प्रयोग गर्न नहुने बताउनुभयो । बाराही चौरलाई उत्सव तथा महोत्सवका लागि खुला राख्नुपर्ने र रत्नमन्दिर तथा हिमागृहजस्ता ऐतिहासिक धरोहरको संरक्षणमा ध्यान दिनुपर्ने उहाँको भनाइ छ ।

पर्यटन व्यवसायी सूर्य भुजेलले सार्वजनिक हितका लागि प्रयोग हुनुपर्ने जग्गामा व्यापारिक संरचना निर्माण गर्ने प्रस्ताव स्वीकार्य नहुने बताउनुभयो । अधिकारकर्मी अनिल थापाले पोखराको पर्यटन आकर्षण बढाउन ताल किनारमा प्राकृतिक बगैंचा, पार्क, हरियाली र पैदलमार्ग निर्माण गर्नुपर्ने धारणा राख्नुभयो ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले बाराहीघाटको अधिकांश जग्गा तथा रत्नमन्दिर र हिमागृहको सम्पूर्ण जग्गा तालको मापदण्डभित्र पर्ने बताउनुभयो। महानगरको मापदण्डअनुसार यस क्षेत्रमा कंक्रिटका संरचना निर्माण गर्न नमिल्ने उल्लेख गर्दै उहाँले वातावरणमैत्री र प्राकृतिक सौन्दर्य बढाउने कामबाहेक अन्य प्रयोजनमा जग्गा प्रयोग गर्न नहुने बताउनुभयो।

ट्रस्टले बाराहीघाटस्थित कित्ता नं. १७६२ र १७६३ को ४८ रोपनी सात आना दुई दाममध्ये मापदण्ड कटाएर बाँकी रहने १५ रोपनी नौ आना जग्गा ३० वर्षका लागि भाडामा दिने प्रस्ताव गरेको छ । त्यहाँ व्यावसायिक भवन, होटल, रेस्टुरेन्ट, कार्यालय र किराना पसल सञ्चालन गर्न दिने योजना छ ।

त्यस्तै, रत्नमन्दिर परिसरको दुई रोपनी र रत्नचोकको एक रोपनी १२ आना जग्गा पनि भाडामा दिने प्रस्ताव छ । रत्नमन्दिरको मुख्य क्षेत्रको १११ रोपनी ११ आना र हिमागृह परिसरको १० रोपनी चार आना जग्गालाई भने सम्पदा संरक्षण तथा पर्यटनसँग जोडेर उपयोग गर्ने योजना ट्रस्टले अघि सारेको छ ।

नेपाल ट्रस्टका सञ्चालक सुरकृष्ण वैद्यको उपस्थितिमा भएको छलफलमा प्रस्तावबारे सरोकारवालाको धारणा लिइएको थियो। ट्रस्टका उपसचिव रमेश बस्नेतका अनुसार यो एक वर्षअघि गरिएको अध्ययनको सिफारिसमा आधारित प्रस्ताव हो । सरोकारवालासँग छलफलपछि मात्रै निर्णय गरिने भएकाले यसबारे अन्तिम टुंगो लागिसकेको छैन । फेवाताल किनारका जग्गाबाट आर्थिक लाभ लिने कि तिनलाई पोखराको प्राकृतिक, सांस्कृतिक र सार्वजनिक सम्पदाका रूपमा संरक्षण गर्ने भन्ने बहसले अबको निर्णयलाई महत्वपूर्ण बनाएको छ। पर्यटनको दीर्घकालीन आधार प्राकृतिक सौन्दर्य र सम्पदा भएकाले विकासका नाममा ताल किनारको खुला क्षेत्र साँघुरिने अवस्था आउन नदिनुपर्ने आवाज बलियो बन्दै गएको छ ।



facebook twitter

Muma Ram Khanal
x.com/MumaRamKhanal

'बेहोसीमा बर्बराएको बयान' कसैले पनि बुझ्दैन । स्वयं लेख्नेले पनि बुझेको हुँदैन । बर्बराहटलाई नै देश बनाउने सुत्र ठान्ने भेंडाहरूको मुलुक बन्यो- देश । अझ मुलुकको राजनीतिक इतिहास, विकासको परम्परा र राजनीतिक मूल्यलाई नबुझेको ठूलो जमात आफ्नै अज्ञानता र कुण्ठाको स्वास फेरिएको छ।
याद गर, तिमीले फेरेको स्वास विषाक्त छ भन्ने बुझ्दासम्म तिम्रो मृत्यु भइसकेको हुनेछ ।

Sharad Raj Pathak
x.com/SharadRPathak

भीडको शक्तिको आडमा नारायणहिटी अगाडी उभिएर "ले ले जनता खुकुरी ले, ज्ञानेन्द्रलाई छप्काइदे" भन्ने अराजक नारा उराल्ने गगन थापा आज बालेन सरकारले 'प्रतिशोधपूर्ण ढङ्गले' पक्राऊ गर्दैछ भनेर डराउनुपर्ने स्थितिमा आइपुग्नुपऱ्यो। राजनीतिमा शक्ति अस्थायी हुन्छ, शक्तिको अति उन्माद घातक हुन्छ र अक्सर यसको बुमऱ्याङ्ग इफेक्ट हुन्छ। र यो अहिलेको सरकार, आउने सरकारदेखि सबैसबैमा लागू हुन्छ ।
नोटः म गगन थापाको विरोध वा उहाँविरुद्ध सरकारको सम्भावित कदमको समर्थनमा यो टिप्पणी गरिरहेको छैन । सत्ता र शक्तिको अति उन्माद दीर्घकालमा आफ्नो र राष्ट्रको जीवनमा घातक हुन्छ/हुनेरहेछ भन्ने सबैले गहिरोसँग महसुस गरून् र विधिको शासनभन्दा बाहिर कोही नजाउन् भन्ने अपेक्षामिश्रित टिप्पणी हो ।

मुस्ताङको पर्यटनमा फर्किंयो चहलपहल

भञ्ज्याङ समाचारदाता/मुस्ताङ

प्राकृतिक विपत्ति र प्रतिकूल मौसमका कारण सुस्ताएको मुस्ताङको पर्यटन व्यवसाय पुनः चलायमान हुन थालेको छ। बाढीपहिरो, वर्षा र हिमपातका कारण घटेको पर्यटक आगमनमा सुधार देखिन थालेको हो। पछिल्लो समय मौसम अनुकूल बन्दै जानु र सडक आवागमन सहज हुनुले मुस्ताङमा पर्यटकको चहलपहल बढाएको छ । भदौदेखि न्यून रहेको पर्यटक आगमन मङ्सिरबार एकैदिन तीन हजार आठ सय पुगेको छ । कात्तिक पहिलो सातासम्म दैनिक दुई हजारभन्दा कम पर्यटक आउने गरेकामा पछिल्लो समय आगमन बढेको हो। पर्यटकको संख्या बढ्न थालेपछि लामो समयदेखि व्यवसाय प्रभावित भएका होटल, रेस्टुरेन्ट तथा पर्यटन व्यवसायीमा उत्साह थपिएको छ ।

रसुवा-भोटेकोशी र कालीगण्डकी क्षेत्रमा आएको बाढी तथा त्यसपछिको प्रतिकूल मौसमले मुस्ताङको पर्यटनमा असर पारेको थियो । विशेषगरी भारतीय पर्यटकको आगमन घट्दा मुक्तिनाथ क्षेत्रका पर्यटन व्यवसाय प्रभावित भएका थिए । पछिल्लो समय भने भारतीय पर्यटकको आगमनसमेत बढ्न थालेको मुक्तिनाथ मन्दिर व्यवस्थापन समितिका प्रमुख दिनेश भुसालले बताए । मुस्ताङ प्रवेश गर्ने पर्यटकको विवरण घाँसास्थित सीमाक्षेत्र र वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ छुसाङको प्रवेशद्वारमा रहेको चेकपोस्टबाट संकलन गरिन्छ। फर्किने पर्यटकको विवरण लेते प्रहरी चौकीले राख्ने गरेको छ । जिल्लामा पर्यटकको आवागमन बढ्न थाले पनि विपत्तिका कारण प्रभावित पर्यटन क्षेत्रलाई पुरानै अवस्थामा फर्काउन थप पहल आवश्यक रहेको व्यवसायीको भनाइ छ । पर्यटन व्यवसायी अमृत सुवेदीले प्राकृतिक विपत्तिपछि पर्यटकको विश्वास फर्काउन सकारात्मक सन्देश प्रवाह गर्नुपर्ने बताए। उनका अनुसार सडक तथा मौसमको अवस्था सुधार हुँदै गएको जानकारी देशविदेशसम्म पुऱ्याउन सके पर्यटकको आगमन बढाउन सहयोग पुग्नेछ ।

मुस्ताङ उद्योग वाणिज्य संघका अध्यक्ष राजु लालचनले पर्यटन क्षेत्रको पुनरूत्थानका लागि सरकारले विशेष अभियान सञ्चालन गर्नुपर्ने बताए । प्राकृतिक विपत्तिले पर्यटनसँगै कृषि क्षेत्रसमेत प्रभावित भएको उल्लेख गर्दै उनले उत्पादित स्याउ समयमै बजार पुऱ्याउन नसकिएको बताए । "प्राकृतिक विपत्तिले कृषि र पर्यटन दुवै क्षेत्रमा असर गरेको छ । अब अर्धनिषेधित क्षेत्रको सीमासमेत हटाएर बाहिरबाट आउने पर्यटकलाई सहज रूपमा घुम्ने वातावरण बनाउनुपर्छ," लालचनले भने । उनका अनुसार उपल्लो मुस्ताङका लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकामा जाने भारतीय तथा तेस्रो मुलुकका पर्यटकले प्रतिदिन ५० अमेरिकी डलर शुल्क तिर्नुपर्छ । वार्षिक एक लाखभन्दा बढी भारतीय पर्यटक मुस्ताङ आउने गरे पनि अधिकांश थासाङ, घरपझोङ र वारागुङ मुक्तिक्षेत्रबाटै फर्किने गरेका छन् । शुल्क र प्रवेशसम्बन्धी व्यवस्थाका कारण उपल्लो मुस्ताङसम्म पुग्ने पर्यटकको संख्या सीमित रहेको व्यवसायीको बुझाइ छ ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक :** नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण :-** विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४